# अध्याय दुई

# मिडियासम्बन्धी छलफल र बहसको संस्कृति

## प्रारम्भ

छलफल, बहस, वादविवाद, विचार गोष्ठी, सार्वजनिक टिप्पणी लोकतान्त्रिक वातावरण निर्माणका आधारभूत तत्त्व हुन् । अर्को अर्थमा लोकतन्त्रका मेरुदण्ड । यी बिनाको समाजको कल्पनाले अन्योल र अस्थिरताबाहेक केही जन्माउँदैन । सामाजिक प्रणालीका अभिन्न अङ्ग भइसकेका यस्ता अभ्यासमाथि धावा बोल्दा हुने प्रतिरोधलाई सम्झाउन २०६२-६३ को जनआन्दोलन काफी छ । विषयको जति छलफल र मन्थन भयो त्यति नै गहिराइ र तत्त्वज्ञान फेला पर्छ । संस्कृतको प्रसिद्ध कथन 'वादे वादे जायते तत्त्ववोधः' ले यसैलाई सङ्केत गर्छ ।

बन्द समाजको अभ्यासमा हुर्किएको नेपाली समाज २००७ को परिवर्तनपछि मात्र खुला भएको हो । तर २०१७ सालमा पञ्चायती व्यवस्थाको उदयसँगै नागरिकका अभिव्यक्ति स्वतन्त्रताहरू कुण्ठित गरिए, फलस्वरूप बहस छलफल हुने वातावरण पनि अवरुद्ध भयो । २०४६ को राजनीतिक परिवर्तनपछि भने छलफल, कार्यशाला गोष्ठी वा सेमिनार आदि हुने क्रम बढ्यो किनकि त्यसबाट आएको संविधानले नागरिकको भेला हुने तथा आफ्नो विचार अभिव्यक्त गर्ने स्वतन्त्रताको ग्यारेण्टी गरेको थियो । यस्तै, जनआन्दोलन २०६२-६३ को बलमा आएको अन्तरिम संविधानले पनि यसलाई ग्यारेन्टी गरेको छ । यसबीच नेपाली मिडियासम्बन्धी

बढ्दो गतिविधिसँगै यसबारे वभिन्न स्थान र समयमा छलफल, बहस र अन्तर्क्रियाहरूको मात्रा पनि बढ्दै गएको छ । यो प्रक्रिया स-साना कोठे छलफलदेखि ठूलो तामझामसहित तारे होटलहरूमा सम्पन्न हुने गोष्ठी अथवा सेमिनारका रूपमा पनि चलिरहेको छ । छलफल, अन्तर्क्रिया, गोष्ठी वा सेमिनार जे भने पनि यी सबैलाई विभिन्न विषयमा बौद्धिक अभ्यास गर्ने माध्यम भन्न सकिन्छ ।

यो अध्याय मूलतः नेपाली समाजमा हुने नेपाली मिडियासम्बन्धी छलफल र बहस संस्कृतिको पृष्ठभूमिमा गोष्ठी, कार्यशाला तथा सम्मेलन जस्ता कार्यक्रम र तिनमा प्रस्तुत हुने कार्यपत्रमाथि केन्द्रित छ । नेपाली मिडियाको प्राज्ञिक अनुसन्धानमा यस्ता अन्तर्क्रियात्मक कार्यक्रमहरूको उपादेयता खोज्ने क्रममा यो प्रयासलाई अगाडि बढाइएको हो । यस क्रममा कार्यपत्र लेखन, पत्रकारिता र मिडियासम्बन्धी अनुसन्धानमा संलग्न केही व्यक्तिहरूसँग अन्तर्वार्ता गरिएको थियो । यसबाहेक उपलब्ध कार्यपत्रलाई आधार मानेर यो अध्याय तयार गरिएको हो ।

यस अध्यायमा मुख्यतया पाँचओटा उपशीर्षक छन् । सुरुको खण्डमा नेपाली समाजमा मिडियासम्बन्धी के कस्ता स्वरूपबाट बहस र अन्तर्क्रियाहरू सञ्चालन भइरहेका छन् भन्नेबारे जानकारी छ । दोस्रो खण्डमा गोष्ठी, कार्यशाला तथा सम्मेलनको आयोजनामा संलग्न संस्थाहरू तथा त्यहाँ कार्यपत्र प्रस्तुत गर्नका लागि कस्ता व्यक्तिहरू सहभागी हुन्छन्, त्यसबारे चर्चा छ । यसै खण्डमा नेपाली मिडियासम्बन्धमा लेखिएका कार्यपत्रले समेटेका विषय बारेको चर्चा पनि छ । तेस्रो खण्डमा विभिन्न कार्यक्रममा प्रस्तुत गरिने कार्यपत्रको प्राज्ञिक गुणस्तरमाथि टिप्पणी गरिएको छ । चौथोमा कार्यपत्रले उठाएका विषयमाथि कार्यक्रमस्थल र मिडियामा हुने टिप्पणी वा बहसलाई समेटिएको छ । पाँचौँ खण्डमा कार्यपत्र वा त्यसमाथि हुने टिप्पणी वा अन्तर्क्रियाको उपलब्धताबारे चर्चा गरिएको छ । निश्चित विषयमा भएका बहस र अन्तर्क्रियालाई भविष्यमा अनुसन्धानका लागि उपयोगमा आउन सक्ने स्थितिमा पुऱ्याउन पहल भए नभएको बारे समेत यसमा चर्चा छ । अन्तमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## छलफलको स्वरूप

नेपाली समाजमा धेरै स्थानमा धेरै विषयमा धेरै ढाँचामा छलफल भइरहेका हुन्छन् । ती नियमित हुन सक्छन्; अनियमित हुन सक्छन् । अन्य विषयजस्तै मिडियाका सम्बन्धमा पनि नियमित वा अनियमित रूपमा विभिन्न ढाँचाका छलफल चलिरहेका छन् । रेडियो वा टेलिभिजनमा हुने अन्तरसंवादको ढाँचामा पनि ती चलिरहेका हुन्छन् भने विभिन्न व्यक्ति वा संस्थाको आयोजनामा हुने

कोठे छलफल पनि तिनको स्वरूप हुने गर्दछ । अनियमित रूपमा विभिन्न समय र अवसरमा रेडियो तथा टेलिभिजनमा मिडियासम्बन्धी छलफल तथा बहस भइरहेको हुन्छ । नियमित कार्यक्रमका रूपमा भने रेडियो सगरमाथाले हरेक सोमबार प्रसारण गर्ने *भाषा, साहित्य र सञ्चार डबली* को नाम लिन सकिन्छ । यस कार्यक्रममा भाषा र साहित्यबाहेक नेपाली मिडियाका समसामयिक सन्दर्भबारे एक वा सोभन्दा बढी व्यक्तिलाई बोलाएर बहस गराइएको पाइन्छ ।[१] यस्ता बहसहरूबाट पनि मिडिया अनुसन्धानमा सहयोग पुग्ने सैद्धान्तिक र व्यवहारिक ज्ञान प्राप्त हुने गर्दछ ।

विभिन्न स्थानमा मिडियाका विषयमा अनौपचारिक ढाँचाका कोठे छलफलहरू पनि सञ्चालन भइरहेको पाइन्छ । राजधानी काठमाडौँमा मात्र पनि अनियमित रूपमा मिडियाका विभिन्न पक्षलाई लिएर बरोबर छलफलहरू भइरहेका हुन्छन् । मार्टिन चौतारीले भने २०५८ साउन ३२ देखि मिडियासम्बन्धी नियमित छलफल शृङ्खला सञ्चालन गर्दै आएको छ ।[२] यसमा पालैपालो एक हप्ता मिडियासम्बन्धी खुल्ला छलफल आयोजना गर्ने र एक हप्ता विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका चलचित्र वा डकुमेन्ट्री देखाउने गरिन्छ । चलचित्रको हिसाब नगर्दा यो छ वर्षको अवधिमा १३० ओटाभन्दा बढी मिडियासम्बन्धी छलफल सञ्चालन भइसकेका छन् । अर्थात् यहाँ हरेक वर्ष मिडियाका २२ ओटाभन्दा बढी मुद्दाबारे सरोकारवाला व्यक्तिहरूबीच बहस हुने गर्दछ ।

छलफलका लागि विषयवस्तुको चयन गर्न विभिन्न तरिका अपनाइने गरेको छ । समसामयिक मुद्दा वा घटनाक्रमलाई छलफलको विषयवस्तु बनाउनु एउटा तरिका हुने गर्दछ । यसअन्तर्गत कुनै मुद्दा वा घटनामा संलग्न वा जानकार एक वा बढी व्यक्तिलाई उनीहरूको प्रस्तुति र विश्लेषण सहभागीहरूबीच राख्न लगाई छलफल गराइन्छ । उदाहरणका लागि सञ्चारगृहमा ट्रेड युनियनको

---

१ सुरुमा त यो कार्यक्रम सञ्चारमाथि नै सम्पूर्ण रूपमा केन्द्रित गरेर *सञ्चार डबली*को नामबाट चलाइएको थियो । पछि भाषा र साहित्यलाई पनि यसैमा समेट्न थालियो ।

२ मार्टिन चौतारीले विविध समसामयिक विषयमा साप्ताहिक रूपमा छलफल चलाउन थालेको २०५२ भदौदेखि नै हो । संस्थाको रूपमा नामाकरण हुनुभन्दा पनि अगाडि २०४८ असोजदेखि नै नर्वेजियन राजनीतिशास्त्री मार्टिन हफ्टनलगायत उनका नेपाली सहकर्मी जलस्रोत इञ्जिनियर विकास पाण्डे आदिको पहलमा सुरु भएको पाक्षिक छलफलकै निरन्तरता थियो (बस्नेत अप्रकाशित) । हप्तामा एउटामात्र छलफल हुँदा पनि विभिन्न विषयका अतिरिक्त मिडियाले पनि समय समयमा स्थान पाउँथ्यो भने पछि राजनीति र अनुसन्धान विषयक छलफलको साथै मिडियाको विषयमा पनि छुट्टै छलफल चल्न थालेको हो ।

गठनलाई लिएर सञ्चार गृह र प्रेस मजदुरबीच विवाद बढ्दै गएर प्रकाशन संस्थाहरू नै बन्द हुन लागेको स्थितिमा २०६४ साउन ३१ गते 'सञ्चारगृहमा ट्रेड युनियन' भन्ने विषयमा छलफल राखियो । वक्ताका रूपमा आन्दोलनरत अखिल नेपाल सञ्चार, छापाखाना र प्रकाशन मजदुर सङ्घको तर्फबाट *कान्तिपुर* दैनिकमा कार्यरत सूर्य ताजपुरिया र *दि हिमालयन टाइम्स* दैनिकमा कार्यरत अर्जुनकुमार गौतमलाई निम्त्याइएको थियो ।

विषयवस्तु छनोटको दोस्रो तरिका कुनै विषयमा चल्दै गरेको अध्ययनलाई चयन गर्ने हुन्छ । उदाहरणका लागि २०६२/६३ को जनआन्दोलनको लगत्तै बनेको सरकारले सञ्चारसम्बन्धी समसामयिक नीति तर्जुमाका लागि सुझाव दिन गठन गरेको उच्चस्तरीय मिडिया सुझाव आयोगसम्बन्धी एउटा छलफललाई लिन सकिन्छ । २०६३ भदौ १५ गते 'के गर्दैछ उच्चस्तरीय मिडिया सुझाव आयोग ?' शीर्षकमा छलफल राखिएको थियो । उक्त छलफल आयोगले गरिरहेको कामको प्रगतिबारे जानकारी लिन तथा उसलाई पनि सरोकारवाला व्यक्तिहरूबाट फिडब्याक वा सुझाव मिलोस् भन्ने हिसाबले राखिएको थियो । छलफलमा निम्त्याइएका वक्ताहरू आयोगका सदस्य रघु मैनाली र बबिता बस्नेत थिए ।

तेस्रो तरिका अन्तर्गत मिडियासम्बन्धी कहीँ कतै कुनै व्यक्तिद्वारा भइसकेको अध्ययन वा अनुसन्धानको निचोडबारे चर्चा गर्न त्यसलाई छलफल शृङ्खलामा समावेश गर्ने गरिन्छ । उदाहरणका लागि २०६३ माघ २५ मा थारू भाषा र विषयवस्तु समेटेर निस्किने पत्रपत्रिकाबारे अनुसन्धान गरेका कृष्णराज सर्वहारीको प्रस्तुतिलाई स्थान दिइएको थियो ।[३]

विषयवस्तु चयनको चौथो तरिकाअनुसार मिडियाका खास क्षेत्रमा लामो समयको अनुभव हासिल गरेका व्यक्तिलाई आफूले काम गर्दाका बखत सँगालेका अनुभवमा आधारित प्रस्तुति लागि निम्त्याउने गरिएको छ । यसै सिलसिलामा रेडियो नेपालमा स्थापनाकालदेखि नै समाचारवाचकका रूपमा काम गरेका हरि श्रेष्ठको अनुभवलाई २०६० असार ५ गतेको छलफलमा ठाउँ दिइएको थियो । सो अवसरमा श्रेष्ठले रेडियो नेपालमा आफूले सुरुदेखि खेलेको भूमिका तथा देखेका र भोगेका घटनाहरू सुनाए । अनुभवमा आधारित यस्ता छलफलले मिडियाको कुनै फाँटमा सक्रिय रहेको व्यक्तिले विभिन्न कालखण्डमा विभिन्न

---

[३] सर्वहारीको सो अनुसन्धानमा आधारित एउटा लेख (सर्वहारी २०६४) मार्टिन चौतारीद्वारा प्रकाशित *मिडिया अध्ययन* २ मा प्रकाशित छ । उक्त छलफल लेख प्रकाशन हुनुपूर्व लेखकलाई फिडब्याक उपलब्ध गराउने हिसाबले पनि आयोजना गरिएको थियो ।

परिस्थितिबीच काम गर्दाका ऐतिहासिक सन्दर्भहरूबारे जानकारी प्राप्त गर्न तथा त्यस्ता परिस्थितिहरूको लेखाजोखा गर्न मद्दत पुऱ्याउँछ । यस्तो छलफल कुनै व्यक्तिको अलिखित इतिहास (ओरल हिस्ट्री) को संरक्षण गर्ने तरीका पनि हो । कुनै विषयमा लामो अनुभवका हासिल गरेको व्यक्तिका भनाइलाई सुरक्षित रूपमा अडियो वा भिडियो रेकर्ड गरेर राख्दा सो व्यक्ति वा विषयबारे अनुसन्धान गर्न चाहने जो सुकैका लागि जुनसुकै समयमा पनि उपयोगी हुन सक्छ ।

समग्रमा यस्ता कोठे छलफलबाट एकथरी सहभागीले आफूले जान्न खोजिरहेको विषयबारे नयाँ नयाँ ज्ञान प्राप्त गर्दछन् भने अर्काथरीले आफ्नो अध्ययनलाई छलफल वा बहसका लागि प्रस्तुत गर्ने र त्यसबाट थप अनुसन्धानका लागि फिडब्याक लिने अवसर पाउँछन् । यसबाट प्रस्तुतकर्तालाई आफूले जानेका वा पत्ता लगाएका विषयवस्तु वा आफ्नो तर्कलाई अरूका अगाडि बलियोसँग प्रस्तुत गर्ने तथा अरूले गरेका टिप्पणी तथा तर्कलाई सुन्ने र तिनलाई प्रभावकारी रूपमा आफ्नो अध्ययनमा समायोजन गर्ने बानीको विकास हुन्छ । त्यसैले यस्ता नियमित वा अनियमित किसिमका कोठे छलफलले पनि प्राज्ञिक अनुसन्धान कार्यमा योगदान पुऱ्याइरहेका हुन्छन् ।

रेडियो वा टेलिभिजनमा प्रसारण हुने संवादमूलक कार्यक्रम तथा कोठे छलफलबाट बाहिर निस्किएर हेर्ने हो भने विभिन्न स्थानमा विभिन्न समयमा हुने गरेका वर्कशप (कार्यशाला), सेमिनार (गोष्ठी) वा सम्मेलनलाई लिन सकिन्छ । शाब्दिक अर्थमा र ढाँचागत रूपमा यी तीनैथरीमा केही फरक हुने भए पनि सबै कोठे छलफलभन्दा अलिक बढी तामझाम र औपचारिकताका साथ आयोजना गरिने छलफल कार्यक्रम हुन् । सेमिनार र वर्कशपको भेद छुट्ट्याउँदै प्रत्यूष वन्त लेख्छन्:

> सेमिनारमा प्रायः एउटाले आफ्नो प्रस्तुति राख्छ । उपस्थित व्यक्तिहरूले प्रस्तुतिमाथि थप प्रश्न वा तर्कमाथि टिप्पणी गर्छन् । प्रश्न वा टिप्पणीको जवाफ दिने मौका प्रस्तोताले पाउँछ । वर्कशपमा चाहिँ प्रस्तुत हुने लेख, कार्यपत्र पहिले नै बाँडिएको हुन्छ । सहभागीले सो कार्यपत्र वा लेख पहिले नै पढेर आउने हुनाले लेखकले सुरुमा १०-१५ मिनेट बोल्ने र बाँकी समय छलफलका लागि छुट्ट्याइन्छ (वन्त २०६२: ५) ।

प्राज्ञिक अनुसन्धानका लागि नयाँ पुस्ता तयार गर्ने क्रममा वर्कशप र सेमिनारको उपयोगिताबारे वन्तको थप टिप्पणी छ:

> सेमिनारमा आफ्नो प्रस्तुति राख्ने पाका विश्लेषकहरूको कुरा सुन्दा अग्रजहरू कस्ता प्रश्नको उत्तर खोजिरहेछन् र कसरी खोजिरहेछन् भन्ने जानकारी मिल्छ । प्रस्तुतिको बाना

> तथा छलफलमा उठेका प्रश्न र टिप्पणीको जवाफ दिने शैलीले नयाँ पुस्तालाई महत्त्वपूर्ण सीप सिक्ने मौका मिलिरहेको हुन्छ । वर्कशपमा प्रस्तुत हुने मस्यौदा विश्लेषणबाट पाका र सहकर्मी अनुसन्धानकर्ताले कसरी र कुन चरणबद्ध ढङ्गबाट आफ्नो काम अगाडि बढाउँदै लान्छन् भन्ने सिक्न पाइन्छ । एउटै विषयमाथि विभिन्न पाठकको ध्यान र प्रतिक्रिया कसरी फरक हुन्छ भन्ने यसबाट प्रस्ट हुन्छ (वन्त २०६२: ५) ।

वर्कशप, सेमिनार वा सम्मेलन जुन सुकै ढाँचाका भए पनि हामीकहाँ व्यवहारमा यी तीनैथरी कार्यक्रमलाई त्यति फरक ढङ्गले हेरेको पाइँदैन । सबैमा कार्यपत्र प्रस्तुत गर्ने गरिएको पाइन्छ । कार्यपत्रमाथि सम्बन्धित विषयका विशेषज्ञले टिप्पणी गर्ने व्यवस्था पनि गरिएको हुन्छ । टिप्पणी गर्नेलाई कार्यपत्र केही दिन वा हप्ताअघि दिइन्छ भने अन्य सहभागीलाई कार्यक्रमकै समयमा बाँडिन्छ । प्रस्तोताको प्रस्तुति र टिप्पणीकर्ताको टिप्पणीपश्चात् उपस्थित व्यक्तिहरू माझ अन्तर्क्रिया गर्ने गरिन्छ । कुनै कार्यक्रममा एउटा मात्र कार्यपत्र प्रस्तुत गरिएको हुन्छ, कुनैमा चाहिँ एकभन्दा बढी । कतिपय अवस्थामा प्रस्तोताले मौखिक रूपमै प्रस्तुति राख्ने र टिप्पणीकर्ताले उसको भनाइको आधारमा टिप्पणी गर्ने गरेको पनि पाइन्छ ।

## संलग्न व्यक्ति तथा संस्था र कार्यपत्रको विषय

नेपालमा अहिलेसम्म मिडियासम्बन्धी कतिओटा सेमिनार भए र कति कार्यपत्र प्रस्तुत गरिए भनेर किटान गर्न सकिने स्थिति छैन किनकि यस्ता सबै कुराको रेकर्ड राख्ने चलन छैन । मार्टिन चौतारीले मिडियासम्बन्धी स्रोत सामग्री केन्द्र निर्माण गर्ने सिलसिलामा गोष्ठी, कार्यशाला, वा सम्मेलनमा प्रस्तुत गरिएका कार्यपत्रहरू सङ्कलन गर्दै आएको छ । त्यस क्रममा यो केन्द्रमा २०६४ साउन मसान्तसम्म १८४ ओटा कार्यपत्र सङ्कलन भएका छन् । यो अध्यायमा तिनै कार्यपत्रलाई नमूना मानेर कतिपय विषयवस्तुको विश्लेषण गरिएको छ भने सेमिनारको संस्कृति र त्यहाँ देखिने छलफलको वातावरण जस्ता कुराहरूबारे त्यस्ता कार्यक्रमहरूमा रहेको लेखकको सहभागिता तथा अन्य व्यक्तिहरूसँगको कुराकानीलाई आधार बनाइएको छ ।

नेपाली मिडियासम्बन्धी सेमिनारका आयोजक र कार्यपत्र प्रस्तोता अधिकांशतः मिडियासँग सम्बन्धित संस्था वा व्यक्तिहरू नै हुने गरेका छन् । मिडियासम्बन्धी विभिन्न क्षेत्रमा काम गरिरहेका केही संस्थाहरू यसप्रकार रहेका छन्: वातावरणको क्षेत्रमा काम गरिरहेको नेपाल वातावरण पत्रकार समूह (नेवापस), महिला सञ्चारकर्मीहरूबारे काम गरिरहेका सञ्चारिका समूह-नेपाल र अस्मिता महिला प्रकाशन गृह, पत्रकारितासम्बन्धी तालिम र प्रशिक्षण दिँदै आएको नेपाल प्रेस इन्स्टिच्यूट, पत्रकारको पेशागत हकहित तथा प्रेस स्वतन्त्रताका लागि कार्यरत

नेपाल पत्रकार महासङ्घ, चलचित्रका फाँटमा काम गरिरहेको चलचित्र विकास बोर्ड, राजनीतिक पार्टी विशेषसँग नजिक रहेका नेपाल प्रेस युनियन, प्रेस चौतारी नेपाल आदि । कहिलेकाहीँ भने मिडियासँग प्रत्यक्ष सम्बन्ध नराख्ने व्यक्ति/संस्थाले पनि कार्यपत्र प्रस्तुत गरेको पाइन्छ ।

सामान्यतया गोष्ठी वा कार्यशाला आयोजना गर्ने संस्थाले आफ्नो संस्थाको उद्देश्य र विषय क्षेत्रभित्र रहेर यस्ता कार्यक्रम चलाएका हुन्छन् । जुन उद्देश्यले कार्यक्रम आयोजना भयो, कार्यपत्र त्यही अनुरूप निर्धारित विषयमा लेखिने नै भयो । जस्तै नेपाली मिडिया र महिलासम्बन्धी मुद्दा वा महिला पत्रकारका विषयमा काम गर्दै आएका संस्थाहरू अस्मिता वा सञ्चारिका समूहले गर्ने कार्यक्रम प्रायः सोही विषय क्षेत्रसँग सम्बन्धित हुन्छन्; तिनमा प्रस्तुत हुने कार्यपत्र मिडियामा महिलाको मुद्दालाई जोडेर लेखिएको हुन्छ । नेपाल पत्रकार महासङ्घले आयोजना गर्ने कार्यक्रम प्रायः प्रेस स्वतन्त्रता तथा श्रमजीवी पत्रकारका मुद्दाबारेमा हुने हुनाले तिनमा तिनै विषयका कार्यपत्रले स्थान पाउँछन् । नेपाल वातावरण पत्रकार समूह/सामुदायिक रेडियो सहयोग केन्द्रले आयोजना गर्ने कार्यक्रममा सामुदायिक रेडियोसम्बन्धी कार्यपत्र प्रस्तुत भएका हुन्छन् । नेपाल प्रेस इन्स्टिच्यूट, मिडिया सर्भिसेज इन्टरन्यासनल जस्ता केही संस्थाहरू कुनै खास विषयमा केन्द्रित हुने भन्दा पनि मिडियाका सबै समसामयिक विषयमा कार्यक्रम आयोजना गर्ने हुनाले तिनले धेरै थरी विषय छोएका हुन्छन् ।

कार्यपत्रले समेटेको विषयमा पर्याप्त विविधता झल्किन्छ । यद्यपि सीमित विषयले प्रशस्त स्थान लिएका छन् भने धेरै विषयमा फाट्टफुट्ट मात्र कार्यपत्र भेटिन्छन् । उपलब्ध कार्यपत्रका आधारमा भन्नुपर्दा महिला, रेडियो, प्रेस स्वतन्त्रता, सूचनाको हक, श्रमजीवी पत्रकार, साप्ताहिक पत्रपत्रिकाका चुनौती, जनजाति, ग्रामीण पत्रकारिता, वातावरण, आर्थिक पत्रकारिता, पत्रकार आचारसंहिता, पत्रकारिता प्रशिक्षण, चलचित्र जस्ता विषयमा कार्यपत्र लेखिएका छन् (हेर्नुहोस् अनुसूची २) । यीमध्ये महिला र मिडिया, समाजमा रेडियोको भूमिका, प्रेस स्वतन्त्रता, सूचनाको हक र श्रमजीवी पत्रकारका मुद्दामाथि लेखिएका कार्यपत्रको सङ्ख्या अधिक भेटिन्छ । यसलाई नेपाली पत्रकारिता जगतमा प्रचुर मात्रामा चर्चा हुने विषयको प्रतिविम्बका रूपमा पनि लिन सकिन्छ ।

आफूले आयोजना गरेका सेमिनारमा सम्बन्धित सङ्घसंस्थाहरूले सामान्यतः आफ्नै संस्थाभित्र रहेका सम्बन्धित विषयका 'ज्ञाता' लाई कार्यपत्र प्रस्तुत गर्न लगाएको पाइन्छ । यसरी कार्यपत्र प्रस्तुत गर्नेहरू प्रायः संस्थाको उपल्लो तहका व्यक्ति हुन्छन् । जस्तो, नेपाल पत्रकार महासङ्घले आयोजना गरेको कार्यक्रम

भएमा सो संस्थाका सभापति, उप सभापति वा महासचिवले कार्यपत्र प्रस्तुत गर्ने गरेका छन् भने नेपाल प्रेस इन्स्टिच्यूटले गरेको कार्यक्रममा यसका अध्यक्ष, उपाध्यक्ष वा महासचिवले नै प्रस्तुत गरेको देखिन्छ। सरकारी सङ्घसंस्थाहरू गैरसरकारी संस्थाको तुलनामा यस्ता सेमिनार धेरै कम आयोजना गर्छन्। त्यहाँ पनि कार्यपत्र प्रस्तुत गर्न संस्था बाहिरको व्यक्ति प्रायः खोजिँदैन, बरु संस्थाकै उपल्लो तहको व्यक्तिबाट काम चलाउने परम्परा रहेको छ।

उपलब्ध कार्यपत्रका आधारमा भन्नुपर्दा धेरै पटक प्रस्तोताका रूपमा दोहोरिएका व्यक्तिहरूमा रामकृष्ण रेग्मी, विनयकुमार कसजू, शिव गाउँले, तारानाथ दाहाल, गोकुल पोखरेल, काशीराज दाहाल र मञ्जु थापाको नाम लिन सकिन्छ। सेमिनारको विषयअनुसार कार्यपत्र प्रस्तुत गर्नुपर्ने तर त्यस्ता विशेषज्ञहरू सीमित देखिएकाले एउटै व्यक्ति धेरैओटा सेमिनारमा कार्यपत्र प्रस्तोताका रूपमा देखा परिरहेको हुन्छ। उदाहरणका लागि महिलाका सवालमा लेख्दै र बोल्दै आएका व्यक्तिहरू सञ्चारिका समूह र अस्मितामा हुने भएकाले सेमिनार आयोजकको ध्यान पनि बारम्बार त्यहीँ आबद्ध व्यक्तितर्फ जान्छ। सूचना प्रविधि र ग्रामीण सञ्चारसम्बन्धी कार्यक्रम भएमा विनयकुमार कसजूको नाम आउँछ। सूचनाको हकको विषयमा विजय चालिसे तथा विकास पत्रकारितामा रामकृष्ण रेग्मीको नाम आउने गर्छ। मिडिया र कानुनको कुरा आएमा काशीराज दाहाल देखा पर्छन्। प्रेस स्वतन्त्रताको सन्दर्भमा शिव गाउँले, तारानाथ दाहाल र गोकुल पोखरेलको नाम आउँदा आश्चर्य मान्नु पर्दैन। कार्यपत्र प्रस्तुत गर्ने व्यक्तिहरू प्रायः सबै मूलधार पत्रकारितामा संलग्न रहेका पाइन्छन् भने केही पत्रकारिताबारे चासो राख्ने, अध्यापन वा अनुसन्धान गर्नेहरू पनि पर्ने गरेका छन्।

## कार्यपत्रको प्राज्ञिक गुणस्तर

कार्यपत्र प्रस्तोताले सम्बन्धित विषयको यथार्थ चित्रणसहित आफूले गरेको अध्ययनलाई सहभागी सामु राखिदिनु पर्दछ। कार्यपत्र पर्याप्त मात्रामा अनुसन्धान गरी तयार गरिएको र जानकारी तथा विश्लेषणमूलक पनि हुनु पर्दछ। अनि मात्र टिप्पणीकर्ता र अन्य सहभागीले त्यसमाथि टिप्पणी गर्ने वा आफूले जाने बुझेका कुराहरू थपथाप गर्ने अवस्था हुन्छ। कार्यपत्र प्रस्तोता भन्ने वित्तिकै सम्बन्धित विषयमा पर्याप्त अध्ययन र गृहकार्यसहित प्रस्तुत भएको हुन्छ भन्ने अपेक्षा सबैमा हुन्छ र प्रस्तोताले त्यही अनुरुप आफूलाई पूर्ण तयारीसाथ प्रस्तुत गर्नुपर्ने हुन्छ। कार्यपत्र कार्यक्रम अवधिभर गफ गर्ने प्रयोजनका लागि मात्र लेखिँदैन त्यसले प्राज्ञिक अनुसन्धान क्षेत्रमा पनि थोरबहुत योगदान पुऱ्याउन सक्नुपर्छ। कतिपय

अवस्थामा छलफलका आधारमा उठेका टिप्पणी वा सुझावलाई समेत समावेश गरी कार्यपत्रलाई प्रकाशन गर्ने पनि चलन छ । यस्तो गरिँदा यसको उपयोगिता बढी हुन्छ र सम्बन्धित विषयमा अध्ययनका लागि उपयोगी सामग्री बन्न जान्छ ।

उपलब्ध कार्यपत्रलाई सरसर्ती अध्ययन गर्दा नेपाली मिडियाबारे लेखिएका धेरैजसो कार्यपत्रको गुणस्तरमा सन्तोष मान्न सकिने ठाउँ देखिँदैन । अधिकांश कार्यपत्रहरूले कुनै पनि विषयमा यथार्थ अवस्था कस्तो छ भन्ने जानकारी नै पर्याप्त मात्रामा नदिइकन सुझाव दिने हतारो देखाएका छन् । तिनमा अवस्थाको पर्याप्त अध्ययन गर्ने भन्दा सतही किसिमको तर्क प्रस्तुत गरिएको हुन्छ । पर्याप्त आधारका साथ गरिएको ठोस विश्लेषण भन्दा भावनात्मक प्रस्तुति कार्यपत्रमा बढी झल्कने गरेको पाइन्छ । उदाहरणका लागि नेपाली साप्ताहिक पाक्षिक पत्र पत्रिकाको अवस्था, साप्ताहिक पत्रिकाको जिम्मेवारी, तिनका चुनौती, तिनमा देखिएको व्यावसायिकताको अभाव आदिबारे लेखिएको एउटा कार्यपत्रमा साप्ताहिक पत्रपत्रिकाहरूको अवस्थाको उदाहरण सहित यथार्थ चित्रण र विश्लेषण गर्नुभन्दा पनि एकै पटक साप्ताहिक पत्रपत्रिकाहरू खत्तम भए भन्ने निष्कर्ष अघि सारेर यो यो उपायहरूबाट उँभो लगाउन सकिन्छ भन्ने खालका सुझावहरू पस्किइएको छ । साप्ताहिक पत्रिकाको सकारात्मक भूमिकाबारे पनि विभिन्न कालखण्डका उदाहरणसहित चर्चा गर्न सकिन्छ तर भावनात्मक रूपमा अभावै अभाव र समस्यै समस्यामात्र प्रस्तुत गरिएको पाइन्छ । त्यस्तै नेपाली पत्रकारितामा महिला पत्रकारहरूको उपस्थिति वा अवस्थाबारे लेखिएका कतिपय कार्यपत्र हेर्‍यो भने नेपाली पत्रकारिता क्षेत्रमा महिलाको उपस्थिति के कसरी भइरहेको छ, कहाँ के कति मात्रामा महिला पत्रकार संलग्न छन्, महिलाहरूले कस्तो अवस्थामा काम गरिरहेका छन् भन्ने पर्याप्त आधार वा प्रमाण नै प्रस्तुत नगरीकन महिलाहरू न्यून संख्यामा छन्, विस्तारै सङ्ख्या बढ्दै गएको छ, सञ्चारमाध्यममा उनीहरूको अवस्था दयनीय छ जस्ता निष्कर्ष दिने गरिएको पाइन्छ । अझ धेरै कार्यपत्रहरू त त्यति पनि नभनी बुँदागतरूपमा पेश गरिएका हुन्छन् । सूचना प्रविधिको बढ्दो उपयोग पनि कार्यपत्रको प्राज्ञिक गुणस्तर घटाउन केही हदसम्म जिम्मेवार देखिन्छ । पावर प्वाइन्ट प्रयोग गरी निश्चित बुँदा, टेवल वा चित्रहरूका आधारमा प्रस्तुति राख्ने प्रवृत्तिले पछिल्लो समयमा व्यापकता पाउँदै गएको छ । तिनै बुँदा, टेवल वा चित्रहरूलाई बक्स बनाएर कार्यपत्रका रूपमा वितरण गर्ने गरिन्छ, जसमा प्राज्ञिक विश्लेषण र तर्कको नितान्त अभाव हुने गर्दछ ।

कार्यपत्रको संरचना पनि गोलमटोल पाराको पाइन्छ । आयोजित कार्यक्रमको उद्देश्य के हो र आफ्नो कार्यपत्र कुन पक्षमा केन्द्रित गर्न खोजिएको हो भन्नेबारे

कार्यपत्र प्रस्तोता आफै प्रस्ट हुन नसकेको कुरा कार्यपत्रको अध्ययन गर्दा थाहा हुन्छ । कार्यपत्रको उद्देश्य के हो र के चाहिँ होइन भन्नेबारे अधिकांश कार्यपत्रमा केही पनि भनिएको पाइँदैन । आफूलाई दिइएको निश्चित विषयमा सीमित नरही व्यापक रूपमा 'जङ्गल' नै पस्किने प्रवृत्ति पनि खुबै पाइन्छ । इतिहास र पृष्ठभूमिमा बढी शब्दहरू खर्चेको पाइन्छ । साथै अनावश्यक रूपमा अरूका सामग्री वा ऐन र नीतिका बुँदाहरू उद्धृत गरेर कार्यपत्रलाई लामो बनाउने प्रयास गरिएको देखिन्छ । यसले कार्यपत्र कुन विषय वा पक्षमा केन्द्रित भएर लेख्न खोजिएको हो र त्यसको मुख्य मनसाय के हो भन्ने कुरा पुरै कार्यपत्र पढिसक्दा पनि प्रस्ट खुल्दैन । उदाहरणका लागि नेपाली सञ्चारमा बहुलवादबारे कार्यपत्र तयार गर्दा प्रस्तोताले कस्तो खालको बहुलवादको कुरा गर्न खोजेका हुन् र त्यसमा उनले के तर्क गर्न खोजेका रहेछन् भन्नेबारे कार्यपत्र पढिसक्दा पनि प्रस्ट हुन सकिएन । इतिहासलाई कोट्याउने नाउँमा *सुधासागर*बाट नेपालमा पत्रपत्रिका प्रकाशनको सुरुआत भएको प्रसङ्ग तथा राणाकालका सनद र पञ्चायतकालका ऐनको सन्दर्भ र बुँदाहरू अनावश्यक रूपमा प्रस्तुत गर्दागर्दै मूल विषयवस्तुमा राम्ररी प्रवेश नै नभईकन कार्यपत्र टुङ्गिन पुगेको छ ।

सर्वसुलभ प्रसारण सेवाको स्थिति र चुनौती बारेमा लेखिएको कार्यपत्रको संरचना यति जटिल छ कि त्यहाँ उल्लेख गरिएको कुन सूचनाबाट प्रस्तोताले के भन्न खोजेका हुन् भन्नेबारे ठम्याउन पाठकलाई एकदम मुस्किल पर्छ । सर्वसुलभ प्रसारण माध्यमका रूपमा रेडियोलाई लिइएको सो कार्यपत्रमा प्रसारणसम्बन्धी नीति, कानुन र कार्यदलका सुझावका बुँदाहरू तथा एफएम रेडियोबारे विभिन्न स्थानमा प्रकाशित सामग्री प्रशस्त मात्रामा उद्धृत गरिएका छन् । तर तिनको उचित ढङ्गले प्रयोग नहुँदा न त ती सूचनाको त्यहाँ सान्दर्भिकता देखिएको छ न त प्रस्तोताले भन्न खोजेको कुरामा नै प्रस्टता आउन सकेको छ । अस्तव्यस्त रूपमा प्रस्तुत गरिएको सूचनाको जङ्गलमा हराएको पाठकले उचित निष्कर्षको गोरेटो पहिल्याउनै सक्दैन । निष्कर्ष दिने काम लेखकको हो तर उनी त्यसमा चुकेका छन् ।

नेपाली मिडियासम्बन्धी कार्यपत्रमा आम रूपमा देखिने अर्को समस्या सन्दर्भ स्रोतको प्रयोग वा सन्दर्भ सामग्री उद्धरणसँग सम्बन्धित छ । आवश्यक अध्ययन गरेर पर्याप्त तथ्य र जानकारीहरू प्रस्तुत गरिएका कतिपय कार्यपत्रहरूमा पनि सन्दर्भ स्रोत खुलाउने गरेको पाइँदैन । सन्दर्भ सामग्री दिइएका कार्यपत्रमा पनि विश्वव्यापी रूपमा मान्य हुने खालको विधि प्रयोग गरिएको देखिँदैन । कतिले कार्यपत्रमा कुनै स्रोत उद्धृत नगरे पनि सन्दर्भ सामग्री दिनुपर्छ भन्ने मनसायले विभिन्न प्रकाशित अप्रकाशित सामग्रीको सूची दिएको पाइन्छ ।

माथि उल्लेख गरिएका प्रतिनिधि उदाहरणले नेपाली मिडियासम्बन्धमा लेखिएका अधिकांश कार्यपत्रमा देखिएको समस्यालाई प्रतिनिधित्व गर्दछन् । यद्यपि समस्यामुक्त एउटा पनि कार्यपत्र छैन भन्ने अर्थ यहाँ लगाउन मिल्दैन । ज्यादै थोरै सङ्ख्यामा भए पनि कतिपय कार्यपत्रहरू चाहिँ साँच्चिकै अनुसन्धानमूलक र प्राज्ञिक स्तरका छन्, साथै तिनको प्रस्तुतिमा पनि चाहिने जति प्रस्टता देखा पर्दछ । तिनीहरू अनावश्यक र पट्यारलाग्दो भूमिकाबिना सीधै शीर्षकमा प्रवेश गर्छन् र सम्बन्धित विषयमा पर्याप्त जानकारी दिँदै आफ्नो विश्लेषण पस्किन सक्षम छन् । थापा (सन् २००१ र सन् २००२) लाई यस्ता कार्यपत्रको उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ । थापाले सन् २००१ मा दिल्लीमा आयोजित एक गोष्ठीमा प्रस्तुत गरको कार्यपत्र (थापा सन् २००१) मा भारतीय र नेपाली टेलिभिजन च्यानलबाट प्रसारित टेलिसिरियलहरूको प्रस्तुतिप्रति नेपाली महिला दर्शकले देखाएको चासो र ती सिरियलप्रति उनीहरूले व्यक्त गरेका धारणाको अध्ययन र विश्लेषण प्रस्तुत गरिएको छ । त्यस्तै दिल्लीमै सन् २००२ मा भएको अर्को गोष्ठीमा प्रस्तुत कार्यपत्र (थापा सन् २००२) मा चाहिँ भारतीय च्यानल स्टार प्लस र स्टार न्यूज तथा नेपाली च्यानल नेपाल टेलिभिजनको मनोरञ्जनात्मक कार्यक्रममा महिला र पुरुष तथा उनीहरूको भूमिकालाई कसरी प्रस्तुत गरिएको छ अनि समाचारमूलक कार्यक्रममा महिलाका कस्ता विषयले प्राथमिकता पाएका छन् भन्नेबारे अध्ययन र विश्लेषण गरिएको छ ।

नेपाली मिडियासम्बन्धमा अधिकांश कार्यपत्रको प्राज्ञिक गुणस्तर कमजोर हुनुमा मुख्यतः चारओटा कारण छन् । प्रस्तोताले कार्यपत्र प्रस्तुत गर्नु अगाडि अध्ययन र लेखनका लागि पर्याप्त समय नपाउनु पहिलो कारण हो भन्न सकिन्छ । कार्यक्रम पनि हतार हतार आयोजना गर्ने र त्यही हतारोमा कार्यपत्र लेखाउने चलन छ हामीकहाँ । नलुकाई भन्ने हो भने अधिकांश गोष्ठी, कार्यशाला वा सम्मेलन कुनै विषयवस्तुमाथि गहिरो छलफल र बहस होओस् भन्ने उद्देश्यले भन्दा पनि आफ्नो संस्थाले केही गर्दैछ भन्ने देखाउन तथा औपचारिकता निभाउन आयोजना गरिएको पाइन्छ । यस्ता कार्यक्रम गर्न आयोजक संस्थाले दाताबाट आर्थिक सहयोग जुटाएको हुन्छ र उसको चासो जसरी हुन्छ काम सम्पन्न गरेको देखाउनुमा सीमित हुन्छ । उसलाई कार्यपत्र र त्यसमाथि हुने छलफलको गुणस्तरतर्फ खासै चासो र चिन्ता हुँदैन, जसो तसो हुन्छ कार्यपत्र लेखिदिए पुग्छ । त्यस्तो हुँदा आयोजकले कार्यक्रमको योजना बनाउँदा कार्यपत्र लेख्नका लागि प्रस्तोतालाई कति समय चाहिएला भनेर हिसाब गर्ने र त्यसअनुसार कार्यक्रमको समय तालिका निर्धारण गर्ने गरिँदैन । फलस्वरूप प्रस्तोताले कार्यपत्र तयार गर्ने सिलसिलामा तोकिएको विषयवस्तुमाथि पर्याप्त अध्ययन अनुसन्धान

गर्ने समय नै पाउँदैन र आफ्नो सीमित ज्ञान एवं स्रोतका आधारमा हतार हतार कार्यपत्र लेखेर बुझाउनु पर्दछ । पर्याप्त अध्ययन र तयारीबिना लेखिएको कार्यपत्रको गुणस्तर राम्रो हुने कुरै भएन ।

दोस्रो कारण, प्रस्तुत कार्यपत्रमाथि सुधारको आवश्यकता भए त्यो औँल्याउने र पुनर्लेखन गराउने गरिँदैन । खास गरी विकसित राष्ट्रहरूमा यस्ता कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्नुअघि प्रस्तोताले विभिन्न चरण र प्रक्रिया पार गर्नु पर्दछ । सर्वप्रथम कार्यपत्रको प्रस्ताव आह्वान गरिन्छ । कार्यपत्र प्रस्तुत गर्न चाहने व्यक्तिले तोकिएको ढाँचामा कार्यपत्रले समेट्ने विषयवस्तुको प्रस्ट अवधारणासहित प्रस्ताव पेश गर्नुपर्छ । उक्त प्रस्तावलाई विज्ञ समूहले अध्ययन गरी प्रतिस्पर्धात्मक प्रणालीका आधारमा पास गरेपछि बल्ल कार्यपत्र लेख्ने प्रक्रिया अगाडि सुरु हुन्छ । कार्यपत्र लेखेर बुझाइसकेपछि पनि विज्ञ समूहबाट गहन किसिमले समीक्षा गरेपछि मात्र प्रस्तुतिका लागि स्वीकृति प्रदान गरिन्छ । यसरी कार्यपत्र लेखाउनु अगाडि नै प्रतिस्पर्धाका आधारमा कार्यपत्र प्रस्तोताको चयन गरिने र कार्यपत्र लेखिसकेपछि पनि पर्याप्त समीक्षा हुने हुँदा कमजोर व्यक्ति प्रस्तोता बन्ने र कमजोर गुणस्तरको कार्यपत्र प्रस्तुत हुने सम्भावना हुँदैन । तर हामीकहाँ यस्तो कुनै पनि प्रक्रिया अपनाउने गरिँदैन । व्यक्तिगत चिनजान र प्रभावका आधारमा कसैलाई कार्यपत्र लेख्न अनुरोध गर्ने र उक्त व्यक्तिले जे लेख्छ त्यसैलाई सीधै प्रस्तुत गराउने गरिन्छ । पर्याप्त मेहनत गर्नुपर्ने कुनै पनि किसिमको बाध्यता वा दबाब आयोजकका तर्फबाट प्रस्तोतामा पर्दैन । फलस्वरूप कार्यपत्रको गुणस्तर प्रस्तोताकै जाँगर र विवेकमा मात्र निर्भर रहने गर्दछ । यस विषयमा अर्थशास्त्री डा. बालगोपाल वैद्य भन्छन्, “धेरै कार्यपत्र काम चलाउनका लागि मात्र लेखिएका हुन् जस्तो लाग्छ । त्यस्तै अर्को कुरा, लेखेपछि प्रस्तुत भइहाल्छ, त्यसमा अनुगमन वा जाँच्ने प्रक्रिया पनि छैन । अह्राउने मान्छेले काम त दिन्छ तर त्यसको गुणस्तर जाँच्नतिर ध्यान नदिने भएकाले पनि कार्यपत्र गुणस्तरीय हुन नसकेका हुन् ।”[४]

तेस्रो कारण हो, कार्यपत्र लेखनमा प्राज्ञिक अनुसन्धानको अभ्यासमा संलग्न व्यक्तिहरूको न्यून संलग्नता । हामीकहाँ नेपाली मिडियासम्बन्धी कार्यपत्र लेखनमा अधिकांशतः त्यस्ता पत्रकारहरूको संलग्नता देखिन्छ जसले अखबारी लेखनमा

---

[४] वैद्यसँग २०६३ साउन १० मा गरिएको कुराकानीमा आधारित । वैद्य मिडियासँग सम्बन्धित नभए पनि सन् १९७० को दशकदेखि न्यू एरा नामको संस्थामा रही अनुसन्धान गरिरहेका छन् । उनले राष्ट्रिय योजना आयोगमा समेत सदस्यका रूपमा काम गरिसकेका छन् । मिडिया र गैर मिडिया दुवै क्षेत्रमा लेखिएका कार्यपत्र तयार हुने संस्थागत संरचनामा तात्विक फरक भेटिँदैन भन्ने उनको तर्क थियो ।

धेरै समय खर्चेका भए पनि प्राज्ञिक लेखनको पर्याप्त अभ्यास गरेका हुँदैनन् । त्यसमाथि व्यक्तिको ज्ञान र दक्षता केमा बढी छ त्यो हेर्ने भन्दा पनि एउटै व्यक्तिलाई जुनसुकै विषयमा कार्यपत्र लेख्न लगाएको पाइन्छ । यसले गर्दा उनीहरूको लेखाइमा प्राज्ञिक वा अनुसन्धानमूलक सीप भन्दा पनि सतही किसिमको प्रस्तुति र विश्लेषण नै हावी हुने गर्दछ । लामो समय मिडियाको अनुसन्धान वा प्राज्ञिक लेखनमा लागेका व्यक्तिले लेखेका कार्यपत्रमा भने तुलनात्मक रूपमा प्राज्ञिक गुणस्तर झल्केको पाइन्छ ।

कार्यपत्रको गुणस्तर कमजोर हुनुको चौथो कारण हो, कार्यपत्र लेखनका लागि पर्याप्त पारिश्रमिकको अभाव । गोष्ठी, कार्यशाला वा सम्मेलनको आयोजना गर्दा भौतिक सामग्री र खानपानमा जे जसरी धक फुकाएर खर्च गरिन्छ त्यसको तुलनामा बौद्धिक कार्यका लागि अन्त्यन्तै कम खर्च गर्ने गरिन्छ । कार्यक्रमको आयोजना बडो तामझामका साथ सुविधासम्पन्न स्थान वा तारे होटलमा गरिन्छ र अधिकांश बजेट त्यतापट्टि खर्च हुन्छ तर पर्याप्त अनुसन्धान र मेहनतका साथ स्तरीय कार्यपत्र तयार होओस् भन्ने हिसाबले उक्त मेहनतको मूल्य उठ्ने गरी प्रस्तोतालाई पारिश्रमिक छुट्ट्याइँदैन । आफ्नो परिश्रमअनुसार आर्थिक प्रतिफल नपाइने भएपछि प्रस्तोतालाई पर्याप्त मेहनत गर्न प्रोत्साहन नै हुँदैन । फलस्वरूप कमजोर गुणस्तरको कार्यपत्र तयार हुन पुग्छ ।

## कार्यपत्रमाथि हुने टिप्पणी र बहस

गोष्ठी, कार्यशाला वा सम्मेलनमा प्रस्तुत कार्यपत्रमाथि गरिने टिप्पणी पनि प्रायः औपचारिकता पुऱ्याउने प्रकारका हुने गर्दछन् । कार्यक्रममा सीमित व्यक्तिहरूलाई मात्र डाकिएको हुन्छ र तीमध्ये पनि सबै त्यहाँ पुग्दैनन् । नबोलाएको व्यक्ति पुग्ने त झन् कुरै भएन । उपस्थित भएकाहरू मिडियाको क्षेत्रमा चिनिएका र एकापसमा राम्रै परिचित हुन्छन् । यसले गर्दा प्रस्तोताले आफ्नो भनाइ पेश गरिसकेपछि अरूले त्यसबारे सकारात्मक हिसाबले चर्चा परिचर्चा गरे पनि कार्यपत्रले उठाएको विषयवस्तु माथि आलोचनात्मक टिप्पणी हतपती गरिहाल्दैनन् ।

अर्को उल्लेखनीय पक्ष के हो भने टिप्पणीकारले एक त टिप्पणी गर्नुपर्ने कार्यपत्र नै अन्तिम समयमा, प्रायः कार्यक्रम स्थलमै प्राप्त गर्दछ । उसले राम्ररी पढ्ने समय नै पाउँदैन । अनि 'म फुर्सदमा नभएकाले कार्यपत्र राम्रोसँग हेर्न पाइनँ तैपनि सरसर्ती हेर्दा प्रस्तोताले उठाएको विषय राम्रो लाग्यो उहाँले गर्नुभएको मेहनत सराहनीय छ' खालको भाषण गरेर टिप्पणीको कार्य टुङ्ग्याइदिन्छ । अर्कातिर आफ्नै चिनजानको व्यक्ति कार्यपत्र प्रस्तोताको रूपमा उभिएको हुन्छ, त्यसो भएपछि बढी

आलोचना किन गर्ने भन्ने भावना आइदिन्छ। त्यसैले कार्यपत्रमाथि उस्तो गहन टिप्पणी हुन सकेको पाइँदैन। त्यति मात्र किन कार्यपत्र प्रस्तोताले नै 'लेख्नै पर्छ भनेकाले लेखेँ। त्यस्तो राम्रो गर्न सकिनँ' भनेर सुरुमै आत्मसमर्पण गरिसकेको हुन्छ। साथै आफ्नो कार्यपत्रमाथि टिप्पणी गर्ने व्यक्तिले त्यति आलोचनात्मक टिप्पणी गर्दैनन् भन्ने कुरा पनि उसले पहिले नै आँकलन गरिसकेको हुन्छ। बाँकी सहभागीहरूले कुरा बुझिहाल्छन् र तिनीहरू पनि छलफलको झन्झटतिर लाग्दैनन्।

यस्तो प्रवृत्ति हाबी हुँदै गएकाले कार्यपत्रको स्तर माथि उठ्नुको सट्टा झन् झन् खस्किँदै गएको पाइन्छ। मिडियाका विषयहरूमा धेरै कार्यपत्र प्रस्तुत गरिसकेका र पत्रकारिता विषय अध्यापन गरिरहेका रामकृष्ण रेग्मी कार्यपत्र र त्यसमाथि हुने टिप्पणीको स्तरबारे आफ्नो भनाइ यसरी राख्छन्:

> सन् १९७०-१९८० को दशकमा भएका छलफल र आजकल हुने छलफल वा सेमिनारमा प्रस्तुत हुने कार्यपत्रमा धेरै फरक देखिन्छ। उति बेला हुने छलफलमा जति बौद्धिकता देखिन्थ्यो त्यो अहिले देख्न पाइदैन। त्यति बेला त्रिविका निकायहरूमा हुने सेमिनारहरू बढी प्राज्ञिक गरिन्थे। कार्यक्रम अवधिमा उठेका टिप्पणी, सुझाव र सल्लाहलाई स्वीकार गरेर कार्यपत्र परिमार्जन हुन्थे। जसले गर्दा ती कार्यपत्रहरू कार्यक्रमपश्चात् भए पनि गहकिला हुन पुग्थे। आजभोलि प्रस्तोता मात्र नभएर सहभागीहरू समेत त्यति खारिएका होइनन् कि जस्तो लाग्छ। बुद्धिमत्तापूर्ण तरिकाले छलफल नहुँदा ज्ञान प्रवाह हुन नसक्ने हुन्छ। यसबाहेक विषयवस्तुमाथिको ज्ञान कम हुनु वा मेहनत नहुनाले पनि छलफलमाथि राम्रा टिप्पणी हुन नसकेको हो।[५]

त्यति मात्र होइन सेमिनारमा प्रस्तुत विषयवस्तु र सन्दर्भ नेपाली मिडियामा समाचार वा विश्लेषणको विषय बन्ने गरेको पनि खासै पाइँदैन। छापा, रेडियो र टेलिभिजनमा सेमिनारबारे गरिने रिपोर्टिङ सामान्यतः कार्यक्रममा को को उपस्थित थिए र प्रमुख वक्ताले के भने भन्नेमा नै सीमित हुने गरेका छन्। त्यहाँ उठेको विषयवस्तु के थियो र त्यसमाथि कस्तो बहस भयो भन्नेतर्फ पत्रकारले खोजी गरेको पाइन्न। यसबारे आफ्नो असन्तुष्टि पोख्दै *नेपाली टाइम्स*का सम्पादक कुन्द दीक्षित भन्छन्:

> मिडियाले वास्तविक पत्रकारिता गर्नुभन्दा पनि सेमिनार वा गोष्ठी पत्रकारिता गरेका छन्। गोष्ठीको विषयभन्दा पनि फलानाले उद्घाटन गऱ्यो, फलाना फलाना उपस्थित थिए भनेर गोष्ठीको बढाईचढाई गरिदिन्छन् तर विषय के थियो विषयवस्तुप्रति अतिथिहरूको

---

५ रामकृष्ण रेग्मीसँग मिति २०६३ साउन १५ मा गरिएको कुराकानीमा आधारित।

> वा वक्ताको धारणा के थियो भन्ने कुरा रेडियो, टिभीले समेट्न सकेका छैनन् । गोष्ठीमा प्रस्तुत भएका कार्यपत्रका विषयमाथि टीका टिप्पणी गर्ने काम मिडियाहरूले गर्न सकेनन् । टिभी क्यामेराहरू आउँछन् र सिनहरू खिचेर जान्छन्, साँझ टिभीसेट अगाडि अनुहार देखाइदिन्छन्, पुग्यो । त्यसरी अनुहार देखाउनुको साटो कुनै वक्ताले वोलेको कुरालाई बुझाएर दिए हुन्थ्यो नि ![६]

यसै प्रसङ्गबारे अर्का पत्रकार विनयकुमार कसजूको धारणा यस्तो छ:

> औपचारिक कुरालाई लिएर समाचार बन्ने तर के बारेमा कार्यक्रम भएको हो त्यसले पाठक, दर्शक वा श्रोतालाई के दिन सक्यो, लाभदायी हुन सक्यो/सकेन, यसबारे समाचार बनेका छैनन् । खालि गोष्ठी र सेमिनारको कभरेज मात्र हुन्छ तर विषयवस्तुबारे समाचार बन्दैन । कार्यक्रममा जाने मान्छेको अनुहार देखाइदिन्छ, त्यसैमा सबै मख्ख ।[७]

यसो हुनुमा एउटा कारण त सेमिनारमा उपस्थित पत्रकारको हतारो पनि हो भन्न सकिन्छ । कार्यपत्र प्रस्तुत हुने कार्यक्रममा पत्रकारहरू पूरै समयसम्म बस्ने गरेको प्रायः पाइन्न । कार्यक्रममा को को उपस्थित थिए, के विषयमा कार्यक्रम भएको थियो भन्ने जानकारी पाएपछि रिपोर्टिङका लागि आएको पत्रकार कार्यक्रमस्थलबाट कुदी हाल्ने चलन छ । यसले गर्दा यस्तो कार्यक्रम पनि भएछ भन्ने जानकारी दिनुबाहेक कार्यक्रमको विषयवस्तु कत्तिको गहन थियो र त्यसमाथि कस्तो किसिमको बहस भयो भन्ने सूचना आम पाठक वा श्रोतामा प्रवाह हुन सकेको पाइँदैन । अर्कातिर कार्यपत्र प्रस्तोतालाई पनि आफूले उठाएको विषयवस्तु वा आफ्नो धारणाप्रति मिडियामा कस्तो प्रतिक्रिया देखियो भन्ने बुझ्ने तथा त्यसबाट आवश्यक फिडब्याक लिने अवसर प्राप्त हुँदैन ।

## कार्यपत्रको उपलब्धता र प्रकाशनको अवस्था

कार्यपत्र अग्रिम रूपमा टिप्पणीकर्ताबाहेक अरूले पाउन सक्दैनन् । कार्यक्रम सुरु भएपछि मात्र त्यसको वितरण हुन्छ । कार्यक्रममा उपस्थित नहुनेले त्यसपछि सितिमिति कार्यपत्र भेट्टाउन सक्दैन । धेरैजसो अवस्थामा कार्यक्रम सकिएपछि उपादेयता पनि सकिए जस्तो हुन्छ । कार्यक्रममा प्रस्तुत भएको कार्यपत्र सामान्यतः प्रस्तोता वा आयोजक/प्रायोजक कसैसँग पनि हुँदैन । त्यसलाई सङ्ग्रह गरेर राखिँदैन । यसको एउटा उदाहरणका रूपमा २०५९ सालको विश्व प्रेस स्वतन्त्रता

---

[६] कुन्द दीक्षितसँग मिति २०६३ साउन ११ मा गरिएको कुराकानी ।

[७] विनयकुमार कसजूसँग २०६३ साउन १८ मा गरिएको कुराकानी ।

दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रस्तुत कार्यपत्रलाई लिन सकिन्छ। कान्तिपुर सिटी कलेजले आयोजना गरेको यो सेमिनारमा कार्यपत्रका प्रस्तोता गोकुल पोखरेल थिए भने अधिकांश सहभागी त्यही कलेजका पत्रकारिता तथा आमसञ्चार विषयका विद्यार्थी थिए। तर प्रस्तोता पोखरेल र कलेजमा धेरैपटक सम्पर्क गर्दा पनि त्यो कार्यपत्र पाउन सकिएन।

कार्यपत्र जतन गरेर राख्दा अरूलाई पनि उपयोगी हुन्छ भन्ने सोचाइ हामीकहाँ विगतमा विकसित हुन सकेन। अब भने विस्तारै यो सोचाइ पलाउन थालेको छ। यद्यपि, यसअघि भनिए झैँ, कसले कहाँ कुन विषयमा सेमिनार आयोजना गरेको थियो वा गर्दैछ भन्ने जानकारीको अभावका कारण सबै कार्यपत्रको सङ्कलन गर्न त्यति सहज भने छैन।

कार्यशाला/गोष्ठी प्रतिवेदन (वर्कशप/सेमिनार प्रोसिडिङ्स) भन्दै कतिपय आयोजक संस्थाहरूले गोष्ठीका समग्र क्रियाकलाप प्रकाशन गर्ने गरेको पनि पाइन्छ। उदाहरणका रूपमा दक्षिण एसिया मानवअधिकार मञ्च-साफर (सन् २००४)[८], दक्षिण एसियाली स्वतन्त्र पत्रकार सङ्गठन-साफ्मा (२०६१क, २०६१ख), साफ्मा र सञ्चारिका समूह (सन् २००४), रिजाल, श्रेष्ठ र प्रधान (सन् १९९५), राहत (सन् २००४), खनाल (२०५६) र एनबीपीएएन (सन् २०००) लाई लिन सकिन्छ। कार्यपत्रका अलावा कार्यक्रमको समय तालिकादेखि लिएर कार्यक्रममा उपस्थित अतिथिहरूले गरेका भाषण, सहभागीहरूले गरेको टिप्पणी र अन्तर्क्रिया वा प्यानल छलफललाई समेत समेट्ने गरिएको हुन्छ यस्ता प्रतिवेदनमा। तर उक्त कार्यपत्रमा देखिने प्राविधिक त्रुटि सच्याउनेबाहेक लेखकलाई पुनर्लेखन तथा राम्ररी सम्पादन गराउनेतर्फ ध्यान दिएको पाइन्न। कार्यक्रममा प्रस्तुत कार्यपत्रलाई राम्ररी सम्पादन र पुनर्लेखन गराएर राम्रो पुस्तक नै बनाउन पनि नसकिने होइन। तर त्यसो गरिएको उदाहरण नेपालमा त्यति पाइँदैन।

मिडियासम्बन्धी कार्यपत्रले पत्रपत्रिकामा पनि ठाउँ पाएको देखिन्छ। २०५० साल यता यस्ता थुप्रै कार्यपत्रको पूर्ण पाठ विभिन्न पत्रपत्रिकामा छापिएको पाइन्छ। काठमाडौँबाट प्रकाशित हुने ठूला आकारका दैनिक पत्रिकामा कार्यपत्र छाप्ने गरेको त्यति नपाइए पनि साप्ताहिक पत्रिका वा म्यागेजिनले कार्यपत्रलाई बारम्बार स्थान दिएको देखिन्छ। केही साप्ताहिकले कार्यपत्र अक्षरशः छाप्ने गरेका छन् भने केहीले थोरै भए पनि सम्पादन र परिमार्जनसहित।[९] यसबाट

---

[८] यो प्रतिवेदन उही मितिमा अङ्ग्रेजी भाषामा पनि प्रकाशित छ (हेर्नुहोस् साफर सन् २००४)।

[९] यसको एउटा उदाहरण ढुङ्गाना (२०५८) लाई लिन सकिन्छ।

एकातिर साप्ताहिक पत्रपत्रिकाका लागि लेख सामग्रीको खाँचो टरेको पाइन्छ भने अर्कातिर केही व्यक्तिहरूबीच मात्र बहस र छलफलमा सीमित कार्यपत्रमाथि अरू पाठकको पहुँच बढ्न पुगेको छ ।[१०] अझ प्रतिवेदनको प्रकाशनबाट गोष्ठी, कार्यशाला वा सम्मेलनमा भएका टिप्पणी र छलफल पनि लिखित रूपमा संरक्षित हुन थालेको छ ।

## निष्कर्ष

कुनै विषयमाथि सरोकारवाला पक्षहरू एकठाउँमा बसेर प्राज्ञिक बहस गर्ने चलनले अनुसन्धानको जगलाई मजबुत बनाउँछ । नेपाली मिडियाका विभिन्न पक्षबारे समाजमा पर्याप्त मात्रामा बहसहरू अझै हुन सकेका छैनन् । यद्यपि नेपाली मिडियासम्बन्धी काम गर्न खुलेका विभिन्न गैर सरकारी संस्थाको अग्रसरतामा पछिल्ला दिनहरूमा त्यस्ता किसिमको अन्तर्क्रिया वा बहसको संस्कृति हुर्कंदै जान थालेको पाइन्छ । अनौपचारिक रूपमा आयोजना हुने कोठे छलफलदेखि रेडियो वा टेलिभिजनका कार्यक्रम, गोष्ठी, कार्यशाला वा सम्मेलन आदिका रूपमा सञ्चालन हुने यस्ता अन्तर्क्रियात्मक कार्यक्रमले नेपालमा मिडियासम्बन्धी प्राज्ञिक अनुसन्धानमा लागेका र लाग्न चाहनेका लागि ज्ञान प्राप्त गर्ने, आफ्नो ज्ञानलाई बाँड्ने र आफ्नो काममाथि प्रत्यक्ष फिडब्याक प्राप्त गर्ने अवसर उपलब्ध गराइरहेका छन् । नेपाली मिडियाका विभिन्न पक्षबारे सरोकार राख्ने संस्थाहरू बढ्दै जाँदा विविध खालका विषयले छलफल वा बहसमा स्थान पाएका छन् । अर्थात् काम गर्ने संस्थाहरूको बढ्दो उपस्थितिसँगै मिडियासम्बन्धी बहसको विषयमा विविधता थपिएको छ ।

तर नेपाली मिडियाबारे बढ्दो बहसको संस्कृतिबाट मिडिया अनुसन्धानको क्षेत्रमा जति लाभ प्राप्त गर्न सकिन्थ्यो त्यो हुन सकेको देखिँदैन । मिडियासम्बन्धी गोष्ठी, कार्यशाला, सम्मेलन जस्ता कार्यक्रमहरू सम्बन्धित विषयमा विज्ञहरूबीच जोडदार बहस चलाउने भन्दा पनि खालि औपचारिकता पूरा गर्न र आयोजक संस्थाले आफ्नो अस्तित्व देखाउन नै सञ्चालन गरिएको पाइन्छ । तिनमा प्रस्तुत गरिने कार्यपत्र, त्यसमाथि हुने टिप्पणी र छलफलको स्तर कमजोर छ र त्यसलाई

---

[१०] यस सन्दर्भलाई फिचर सेवासँग पनि जोडेर हेर्न सकिन्छ । विभिन्न संस्थाबाट प्रकाशित हुने फिचरहरूलाई पनि विभिन्न पत्रपत्रिकाले राम्रैसँग ठाउँ दिँदै आएको देखिन्छ । पत्रिकाहरूले ठाउँ दिएका कारण नै फिचर सेवा फस्टाउन मद्दत पुगेको पाइन्छ । नेपालमा फिचर सेवाबारे विस्तृत जानकारीका लागि अधिकारी (२०६०) हेर्नुहोस् ।

उकास्न आवश्यक छ। कार्यपत्र लेख्ने र प्रस्तुत गर्ने क्रममा हुने अभ्यास मिडियाको प्राज्ञिक अनुसन्धानका लागि निकै महत्त्वपूर्ण पक्ष हो । यसले समाजका विभिन्न पक्ष र विषयलाई अनुसन्धानको दायरामा ल्याउन मद्दत पुऱ्याउने त छँदैछ त्यसरी लेखिएको कार्यपत्र अन्य अनुसन्धानकर्ताका लागि थप स्रोत सामग्री समेत बन्न जान्छ । अहिलेसम्म लेखिएका उपलब्ध कार्यपत्रलाई हेर्दा ती नेपाली मिडियाको प्राज्ञिक अनुसन्धानका लागि त्यति गतिला स्रोत सामग्री बन्न सकेको त देखिँदैन तर ती कार्यक्रम र कार्यपत्रले नेपाली मिडियाका विभिन्न मुद्दाहरूलाई आम रूपमा परिचित गराउन वा उजागर गर्न भने धेरै हदसम्म योगदान दिएका छन् । नेपाली मिडियामा अध्ययन/अनुसन्धान गर्नुपर्ने क्षेत्रहरू पहिल्याउन तिनले पर्याप्त सहयोग पुऱ्याउँछन् ।